# प्रदेश सभा

## गण्डकी प्रदेश

## तेस्रो अधिवेशन

## (चौधौं बैठक)

## मिति : २०७५÷१२÷११ गते, अपरान्ह १:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको तेस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर ३१ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्बप्रथम, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई विधायन समितिको प्रतिवेदन सहितको **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय हरि बहादुर चुमानज्यू**

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७५ साल फागुन २३ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समितिबाट प्रतिवेदन सहित प्राप्त भएको **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** नेपालको संविधानको धारा १९८ को उपधारा (१) तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम २(क) बमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक माथी छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न्"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ विधेयक माथी छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

अब उक्त विधायन समितिको प्रतिवेदन सहितको **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषाङ्गिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यहरुलाई जानकारी गराउँछु । छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आ-आफ्नो नाम सजिलोको लागि सभामुखको डायससँगै बसेका अधिकृत कर्मचारीहरुलाई उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

**माननीय सभामुखज्यू**

अव म, सर्वप्रथम माननीय श्री दिपक कोइराला लाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

**माननीय दिपक कोइरालाज्यू**

माननीय सभामुख महोदय, हामी गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा छौं। सबैभन्दा पहिला त यो हाम्रो समय अनुकूल परिस्थिति परिस्थितिहरू बदलिंदै जान्छन् र संसार नै गतिशील छ । गतिशील संसारमा हरेक कुराहरू परिवर्तित हुँदै जान्छ।अब हाम्रा राज्यका सम्बन्धित निकायहरूलाई नै परिवर्तित परिस्थिति अनुसार परिचालन गर्नका लागि हामीले बेला बेलामा प्रशिक्षणहरू सञ्चालन गर्नु पर्दछ भन्ने कुरा हाम्रो अनुभवले नै बताउँदछ । किनभने समय वेगवान गतिमा दौडिरहेको छ। आजभोलि त अझै प्रविधिको विकासले एकदम छिटो छिटो हाम्रो काम गर्ने, व्यवस्थापन गर्ने तरिकाहरू नयाँ हुन सकेनन्  भने, हामीले जतिसुकै मिहिनेत गरेपनि सरकारसँग सम्बन्धित वा सरकार वा सरकारसँग सम्बन्धित सबै निकायहरूले त्यो संसारसँग प्रतिस्पर्धा गर्ने कुरालाई पन्छाउने र आफ्नो पर्फर्मेन्सहरू देखाउन सकिने अवस्था छैन। त्यस कारण पनि सरकारले शायद यो हाम्रो प्रतिष्ठान प्रशिक्षण प्रतिष्ठान सम्बन्धी विधेयक यस सभा यो सदनमा पेश गरेको छ र हामीले छलफल पनि गरि सकेका छौं । समय अनुकूल हाम्रा सबै प्रकारका अवयवहरूलाई संचालन गर्नका लागि यो विधेयकले नै व्यवस्था गरेको छ । त्यसले एकदमै महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने मलाई लाग्दछ । र विधेयकले जे कुरा उठाएको छ, जति पनि कुराहरू लेखिएका छन् , यसले हामीले हाम्रो सरकारले, प्रदेश सरकारले जे लक्ष्य राखेको छ। हामीले हाम्रो प्रदेशलाई एउटा नमूना प्रदेशको रूपमा, अव्बल प्रदेशको रूपमा स्थापित गर्ने । प्रविधिमैत्री प्रदेश बनाउने या हरेक सबै कुराको हिसाबले यो प्रदेशलाई अव्बल प्रदेश बनाउने भनेर हामीले भन्या छौं भने हाम्रा सबै सरकार लगायत सरकारमा नै, सरकार, सरकारको नेतृत्व गर्नेदेखि लिएर हाम्रा सबै कर्मचारी संयन्त्रहरू वा हामीले जुन जुन अवयवहरू जुन हामीसँग छन् जसलाई परिचालन गरेर प्रदेशका कामहरू हामी अगाडी बढाउँ छौं वा प्रदेश सरकारका कामहरू हामी अगाडी बढाउँद छौं । ति सबैलाई समय अनुकूल परिमार्जन गर्न आवश्यकता पर्दछ। शायद त्यो, त्यो समय अनुकूल परिमार्जन गर्नका लागि सरकारले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको यो विधेयक ल्याएको छ र यसले, यसले धेरै कुराहरू समेटेको छ। यस कारण यसले आजको आवश्यकतालाई पूरा गर्न सक्दछ र यो ऐनले, यो विधेयकले यो ऐनको रूपमा काम गर्दै गर्दा हामीले जति पनि अ सन्दर्भहरू मैले यो पृष्ठभूमिमा उठाएँ ति सबै सन्दर्भहरूलाई ठीक ढँगले अगाडी बढाउन महत्वपूर्ण योगदान गर्दछ भन्ने म ठान्दछु त्यसकारण यो विधेयक प्रति पूर्ण समर्थन पनि गर्दछु। अब विधेयक बन्नु मात्रै र बनाउनु

मात्रै पनि कुरा हैन। पहिलो कुरा त बनाउनु नै हो तर दोश्रो कुरा यसको कार्यान्वयनसँग सम्बन्धित र यसले जे कुरा गर्न खोजेको हो, खाली हामी कस्तो देखिन्छ हामी अलिकति हाम्रो सामाजिक हाम्रो सबै कुरा हेर्दा खेरी हामीले काम चलाउ रूपमा मात्रै काम गर्ने जस्तो अब यो प्रतिष्ठानले हाम्रो गण्डकी प्रदेशको प्रतिष्ठान बनाउँ छौं । हामीले तालीमहरू गर्छौं र हाम्रा तालीमहरू खाली तालीमदेखि तालीमसम्म र हाम्रा टिए.डिए. खाने कामसँग मात्रै हुने हो कि भन्ने खतरा मैले देखेको छु । किनभने हामीले तालीम धेरै गरी रहेका छौं । सरकारले, संघीय सरकारले तालीम हामीले धेरै पहिलाबाटै गरि रहेका छौं तर तालीमले हामीलाई के फिडब्याक दिई रहेका छन् ? त्यस कारणले हामीले जे लक्ष्य राख्न खोजेको हो त्यसले त्यो लक्ष्य हासिल गरेको छ कि छैन भन्ने कुराको मूल्याङ्कन हामीले गर्नु पर्दछ । यसको कार्यान्वयनको बेलामा त्यो महत्वपूर्ण हो जस्तो म ठान्दछु। म आजभोलि हेर्छु र आजभोलि मैले भन्ने पनि गर्या छु। हाम्रो काम अनुसन्धानमूलक भएका छैनन्। यो विधेयकमा पनि मैले हेरें अनुसन्धान शब्द धेरै ठाउँमा प्रयोग भएको छ तर प्रयोग मात्रै भयो भनेनि त्यसले पनि फेरि काम लाग्दैन। हाम्रा कामहरू अनुसन्धानमा आधारित हुनु पर्यो। हामीले अनुसन्धान गरेर त्यसले के कुराको रिजल्ट दिन्छ यो अझै अनुसन्धानमा आधारित हुनु पर्दछ भन्ने ठान्दछु। यो प्रशिक्षण प्रतिष्ठानको काम हो।किनभने हामीले नयाँ नयाँ कुरा अनुसन्धान गर्ने हो संसारले अविष्कार गरेका कुराहरूलाई प्रयोग र परिचालन गर्ने हो। म हेर्छु अहिले पनि हामीले जतिबेला हामीसँग टाइपराइटर थियो त्योबेला हामीले टाइपराइटरको बेलाबाट आज हामी कम्प्युटरको पनि एकदम जुन आधुनिक बेलामा आई रहेका छौं । हाम्रा कतिपय संयन्त्रहरू टाइपराइटरकै स्टाइलमा काम गरी रहेका छन् । हाम्रा दरबन्दीहरू टाइपराइटरकै छ कम्प्युटर हान्ने तरिका पनि हाम्रो टाइपराइटरकै छ भन्यौं भने यो प्रशिक्षण प्रतिष्ठानले केही पनि काम गर्दैन । त्यसलाई समय अनुकूल परिमार्जन गर्नु पर्ने आवश्यकता छ र मैले यो ऐन पास भै सकेपछि सबैभन्दा पहिलो काम यो ऐनमा टेकेर सरकारले के गरोस् भन्ने ठान्दछु भने, समय सम्बन्धी प्रशिक्षण दियोस् भन्ने ठान्दछु के। प्रतिष्ठान यो यसको विषय हुन्छ नि के विषयमा हामीले तालीम दिने भन्दा यसमा पहिला समय सम्बन्धी तालीमबाट शुरू गर्नु पर्यो। हामी साढे एघ्घार कार्यक्रममा जान्छौं नि एघ्घार बजेको महत्वपूर्ण कार्यक्रममा जान्छौं तर साढे एघ्घार बजे बाह्र बजे हाम्रो कर्मचारीहरूले नेमप्लेट टाँस्दै गरि रहेका पाउँछौं हामीले। तेस्तो एघ्घार बजे गएर कहाँ बस्ने भनेको ठाउँ पाउँदैनौं के हामीले। तेस्तो तेस्तो कामहरू, हामीले तेस्को बारेमा धेरै तालीमहरू गर्या छौं तर अझ हामीले त्यसलाई त्यो कुरालाई कार्यान्वयन गर्न सकि रहेका छैनौं । त्यस कारण यो ऐन कार्यान्वयन हुँदै गर्दा हामीले सबैभन्दा पहिला यो प्रदेशमा समयमा काम शुरु गर्ने तालीम दिओस् भन्न ठान्दछु। यो सुझाव पनि छ मेरो यो ऐन कार्यान्वयन गर्ने बेलामा हामीले अनुसन्धानमूलक कामहरू हामीले गर्दा हाम्रा कामहरू अनुसन्धानमूलक आजको प्रविधिमैत्री र आजको प्रविधिलाई समात्ने खालका तालीमहरु हामीले संचालन गरिनु पर्दछ। यसले उद्देश्य राखेको छ। मैले यो उद्देश्य प्रति मेरो भनाई होइन। यो उद्देश्यप्रति मेरो शतप्रतिशत समर्थन छ र यो विधेयक प्रति मेरो समर्थन छ तर यसको कार्यान्वयनमा हामी कहिले काँही पृष्ठभूमिमा भने जस्तो हामीले यो तालीमदेखि तालीमसम्म टिए.डिए. खानका लागि मात्रै तालीम गर्ने हाम्रो जुन परम्परा छ यो अहिले पनि चलेकै छ। अहिले पनि तेस्तै खालको छ, अहिले पनि तालीम गर्छौं हामी। तालीम दिएकालाई पनि त्यो तालीमले के प्रभाव पार्यो थाहा छैन, लिएकालाई त झन थाहा छैन। तालीम लिएर मात्रै हामी, हाम्रो काम गर्ने तरिका अहिले पनि पुरानै छ। पुरानै तरिकाले हामी काम गरि रहेका छौं भने त्यो तालीमहरूले हामीलाई ठीक ठाउँमा पुर्याउँदैन। त्यसकारण यो आजको आवश्यकता हो। आजको, आजको जुन प्रविधि छ, आजको जुन गतिशील चेतना छ, त्यसलाई समात्नको लागि हामी सबै हामी पनि हामी सबै हाम्रा अवयवहरू जति पनि छन् । प्रदेश सरकारका अवयवहरू जति पनि छन् । प्रदेश सरकारले संचालन गर्नु पर्ने आफ्ना निकायहरू जति पनि छन् । आफै पनि, सरकार आफै पनि त्यो सबै एउटा समय अनुकूल परिमार्जित हुन आवश्यकता छ । त्यस कारण त्यो आवश्यकतालाई मध्येनजर गर्दै यो विधेयक आएको छ र यो विधेयकमा जति कुराहरू लेखिएका छन्, अनुसन्धानमूलक मैले अघि पनि भनें अनुसन्धानमूलक लेखिएको छ तर अनुसन्धानमूलक हामी बनाउन सकि रहेका छैनौं । त्यसलाई समय अनुकूल परिमार्जन

गरेर समयको कुरो महत्वपूर्ण कुरा हो आज त्यस कारणले यो कुराहरू व्यवहारिक रूपमा कार्यान्वयन गर्ने क्रममा यो महत्वपूर्ण समयमा यसलाई यो विधेयक लागू गर्यौं भने सम्भवत: हामीले आज जे सोचि रहेका छौं प्रदेशको हाम्रो प्रदेशको गतिलाई समृद्धिलाई जे कुरा हासिल गर्ने प्रयत्न हामीले गरि रहेका छौं र जे कुरा घोषणा हामी गरि रहेका छौं त्यो कुरो, त्यो कुरो प्राप्त गर्नका लागि यो विधेयक एउटा महत्वपूर्ण दस्तावेज बन्ने छ भन्ने कुरा पनि म राख्न चाहन्छु र यसको कार्यान्वयनको क्रममा पनि महत्वपूर्ण ढंगले यसको कार्यान्वयन गरेर अगाडी जान सक्यो भने हामी यो प्रदेशलाई एउटा सम्मुन्नत प्रदेशको रूपमा अगाडी बढाउन सक्ने कुरा यो हाम्रो गण्डकी प्रदेश प्रतिष्ठान संचालन गर्न व्यवस्था गर्न बनेको यो विधेयकले यसले स्पष्ट खाका कोरेको छ भन्ने ठान्दछु र यसलाई समर्थन जनाउँदै म आफ्नो भनाई यहिं अन्त्य गर्दछु । धन्यवाद। नमस्कार ।

**माननीय सभामुखज्यू**

अव म माननीय सदस्य श्री ओमकला गौतम लाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

**माननीय ओमकला गौतमज्यू**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा गर्न बनेको विधेयकको छलफलको क्रममा छौं हामी यतिखेर। यस विधेयक र यो ऐन पास भै सकेपछि गण्डकी प्रदेश भ्रष्टाचारमुक्त, सुशासन, सुसूचित, सुयोग्य र व्यवस्थित बनोस् । सर्वप्रथम त म शुभकामना दिन चाहन्छु र बन्ने कुराको संख्या र विगतदेखि अहिलेसम्म गर्दै गरेका कतिपय विधेयकहरू, कानूनहरू बनेका कुराहरूलाई कार्यान्वयनको पक्ष फितलो हुँदा, कार्यान्वयन नहुँदा, भोग्नु परेको समस्याको विषयमा गरिमामय सभामा मैले भनि रहँनु पर्दैन। माननीय सभामुख महोदय, मलाई यस विषयमा, मलाई धेरै भन्नु छैन र जुन यो विधेयक आएको छ। जहाँ यो चाँहि स्थानीय तह, कर्मचारी, मनोनित, निर्वाचित सदस्य सबैलाई सुसूचित, सुव्यवस्थित र ज्ञान हासिल दिलाउने र अहिलेको प्रविधि, अहिलेको टेक्नोलोजीको जमानामा त्यो प्रविधि सँगसँगै हिडाउने कुरालाई हाम्ले नकार्न मिल्दैन। त्यसैले यो विधेयकले, त्यो सबै कामलाई, त्यो सफलता मिल्नलाई, सफलता पुर्‍याउनलाई यसले प्रभावकारी भूमिका पछि पनि खेल्ने छ भन्ने कुराको मैले अहिले मैले आशा मात्रै गर्न सक्छु। सभामुख महोदय, मलाई यो विधेयकमा आई सकेको यो प्रशिक्षण परिषद् र कार्यकारी समितिको गठन र काम, कर्तव्यको सम्बन्धमा यो परिच्छेद ३ को यो परिषद् गठन सम्बन्धमा मैले केही कुरा राख्ने अनुमति चाहन्छु। माननीय सभामुख महोदय, मैले थाहा नपाएको हो कि? के हो ? मलाई थाहा छैन। माननीय मुख्यमन्त्रीज्यूकै अध्यक्षतामा गठित यस समितिमा मलाई लाग्छ, प्रदेश लोकसेवा आयोग हाम्रो गठन भएको छैन। पहिलै सदस्यको व्यवस्था यहाँ गरिएको छ, पहिल्यै गरिएको छ। यो कुरा मैले नसुन्या हो कि? यो कुरा आई सके पछि पो मलाई थाहा छैन, मैले नबुझेको कुरो। माननीय सभामुख महोदय, अर्को हाम्रो प्रदेशस्तरको विश्वविद्यालय छ जस्तो मलाई लाग्दैन, एउटा विश्वविद्यालय छ पोखरा विश्वविद्यालय छ तर हाम्रो प्रदेश मातहतमा आई सकेको छैन। त्यसैले एउटा उखान भनिन्छ कि चल्ला पहिला कि कुखुरा पहिला भन्ने एउटा नेपाली उखान छ। अब यो के पहिला आयो र यसलाई पछि, यो व्यवस्था भै सकेपछि आउने भनेर राख्न पाएको हुन्थ्यो कि ? भन्ने मेरो एउटा सुझाव हो यसमा माननीय सभामुख महोदय। अब र यो सरसरी कुरा हेर्दा म एउटा महिला, म महिलाकै प्रतिनिधित्व गर्दै आएको छु। यो प्रदेश सभा, गरिमामय सभामा पनि हामी २० जना महिला साँच्चैकै महिलाको आरक्षण कोटाबाट २० जना पुगेको हो । यो भन्दै गर्दा हुन त यहाँ तपाईंहरू यस्तो कुरा महिलावादी कुरा उठाउनु भयो भन्ने कुरा पनि आउला, तथापि यहाँ अहिलेसम्म राज्यको हरेक पहुँचमा, हरेक तहमा महिलाको पहुँच कहाँ पुगेको छ र ? महिलाको प्रतिनिधित्वको सुनिश्चितता कहाँ छ र ? र जहाँ आरक्षण छ त्यहाँ

त्यसैले मात्रै भाग ओगेटेको अवस्थामा हुन त प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष पनि महिला भै दिए पनि प्रतिनिधित्व हुन्थ्यो होला। यो लोजिकली आउला, मलाई यो अहिले जवाफ आउला। तथापि अहिलेसम्म हाम्रो वर्तमान परिपेक्ष्यमा, हामो मुलुकमा, महिलाहरू उच्च स्थानमा पुग्न नसकेको हुँदा यसमा पनि कम्तिमा पनि संविधानले व्यवस्था गरेको ३३% महिलाको सुनिश्चितता हुने गरी, यि यि तत् तत् तहका हुँदै गर्दा पनि महिलालाई विज्ञ महिलाहरू मध्येबाट त्यो प्रशिक्षण दिन सक्ने योग्यता दक्षता हासिल गरेको महिलाहरूबाट फेरि मनोनित गरेर ३३% हुने व्यवस्था गरिदिएको भए अलि राम्रो हुन्थ्यो कि अलि महिलाहरूको यो विभेद लैङ्किक विभेद हुने थिएन कि रु भन्ने मेरो तर्क हो र मैले यो कुराहरू राखें तेस्तै, त्यहाँ अर्को के भनेको छ भने यो समितिमा पनि कार्यकारी समितिमा पनि के भनेको छ भने आवश्यक परेमा विज्ञ महिलाहरूबाटै एक जना महिला, त्यो पनि परिवेक्षकको रूपमा भनेको छ, हेर त्यो पनि प्रतिनिधित्व हो त्यसको भोटिङ राइट छैन। एउटा महिला भएपनि त्यहाँ लड्यो होला नि। परिवेक्षक भनेर भनिएको छ। यो कुरामा पनि मलाई चाँहि अलिकति कता कता महिलाहरूलाई यसले चाँहि यस्तो गरिमामय सभामा यस्तो ऐन आउँदै गर्दा सबैलाई प्रशिक्षित र सुसूचित गर्दै गर्दा सुन्दर प्रदेशको कल्पना गर्दै गर्दा कतै महिला बायस त होइन त यो ? भन्न मलाई लागेको छ। यो कुराहरूलाई विधायन समितिबाट प्रतिवेदन त आई सकेको छ। यहाँ अहिले हामी छलफलको क्रममा छौं। यदि यसलाई मिलाएर यसलाई सुझावको रूपमा अझै परिमार्जन गरेर यो चाँहि ऐन आवोस् भन्ने सुझाफ राख्दै मेरो भनाईहरू अन्त्य गर्नु भन्दा अगाडी मैले यो जुन उद्देश्यबाट यहाँ यो जुन यहाँ बनेको छ । यसको सफल कार्यान्वयन होस् । म एउटा प्रतिपक्ष भएपनि मैले सकारात्मक सोचका साथ भन्या छु। यसमा धेरै कुराहरू अहिले यो अक्षरत: अहिले यो रस्व दीर्घ तिर म गइन । यहाँ के के परिमार्जन गर्न विधायन समितिले ल्यायो होला तर यहाँ धेरै कुराहरु होलान् यो अक्षरश: पालन होस् । पारदर्शी रूपबाट जावोस् र एउटा होटलमा सेमिनारको रूपमा कम से कम त्यो तेहि लेभलको मान्छेलाई फेरि जसलाई आवश्यक छैन । त्यो लेभललाई भनिन्छ यो भत्ता पचाउने काम भन्ने अहिले धेरै नकारात्मक कुराहरू बाहिर आएको छ । प्रशिक्षण त्यो ट्रेनिङ सेमिनार गोष्ठीको पनि त्यो सुन्नु नपरोस्। यसले एकदम पारदर्शी रूपबाट यसको जुन उद्देश्यको लागि यो बनेको छ साँच्चिकै उद्देश्य प्राप्त गरोस् र महिलाहरूलाई उचित स्थानका साथ ३३% को सुनिश्चितता गरियोस्। फेरि व्यंग्यात्मक रूपमा यो यसरी आई हाल्छ नि मुख्यमन्त्री महिला भए भै हाल्छ नि भन्ने कुरा नगरियोस् र मुख्यमन्त्री हाम्रो गरिमामय सभामा पनि महिलाहरूले पाउनु पर्ने पोष्टको विषयमा मैले भनी रहनु पर्दैन । हस् । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखज्यू**

अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय हरि बहादुर चुमानज्यू**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था विधेयक विधायन समितिको बैठकमा छलफल भएर सर्वसम्मत निर्णय सहित यस सम्मानित सदन समक्ष प्रस्तुत भएको छ र यो माननीय सदस्यज्यूहरूबाट आफ्नो भनाईहरू आफ्नो सुझावहरू पनि यहाँ प्राप्त भै सकेको छ । यस

सन्दर्भमा हामीले गण्डकी प्रदेश सरकारले यो प्रशिक्षण प्रतिष्ठान बनाएर मुख्यतः प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीहरू निर्वाचित, मनोनित, राजनीतिक रूपमा नियुक्त भएका यि सबै खालका पदाधिकारीहरू र कर्मचारीहरूलाई व्यवसायिक, दक्ष, व्यवसायिक दक्षता, सीप र क्षमतायुक्त रूपले विकास गर्नका निम्ति अर्थात् व्यवसायिक दक्षतायुक्त बनाउनको निम्ति यो आवश्यक छ भनेर यो विधेयक ल्याएको छ। त्यसमा पनि माननीय सदस्यज्यूहरूले यहाँ इंगित गरिसक्नु भा छ कि अहिलेको युग यो २१औं शताब्दिको युग, प्रविधिले नेतृत्व गरी राखेको युग र हाम्रो, हाम्रो स्थानीय तह, प्रदेश सरकार र हाम्रा संघसंस्थाहरू यि सबै अब प्रविधियुक्त बन्नु पर्छ। यो अत्यन्त दक्ष बन्नु पर्छ। यो हामीले स्वाभाविक रूपमा माग गर्दै आएको, यो युगले नै माग गरेको कुरा हो। त्यसकारण यसैको निम्ति हामीले यो प्रशिक्षण प्रतिष्ठानको गठन गरेर जानु पर्छ भन्ने हिसाबले यो विधेयक सरकारले ल्याएको हो। मैले अघि नै यहाँ भनि सकें, यहाँ पदाधिकारीहरू र कर्मचारीहरू, यो स्थानीय, स्थानीय तह, प्रदेश सरकार, यो सरकार भयो र सँगै यस सँग सम्बन्धित, यसका मातहतका संघ संस्थाहरू, यि सबैलाई व्यवसायिक र दक्ष बनाउनको निम्ति यो विधेयकको ज्यादै महत्वपूर्ण। त्यसै कारण हामी सर्वसम्मत् भएर यो यहाँसम्म यो विधेयक आई पुगेको छ। यसको विषयमा मैले धेरै भनी राख्नु पर्ने धेरै देख्दिन। यस सन्दर्भमा केही प्रश्नहरू उठेका छन्। पहिलो कुरो यसको यसलाई अत्याधुनिक र अहिलेको आवश्यकतालाई सम्बोधन गर्ने गरी, त्यो खालको चाँहि हाम्रो दक्षता हासिल हुनु पर्छ। हाम्रो सरकार र हाम्रा संघसंस्थाहरू, हाम्रा पदाधिकारीहरू, हाम्रो कर्मचारीहरू, त्यो रूपले दक्ष बन्नु पर्छ र त्यो दक्ष बनाउनको निम्ति हामीले प्रशिक्षणको व्यवस्था गर्नु पर्छ । त्यो

प्रशिक्षणको सन्दर्भमा जुन पाठ्यक्रमका कुराहरू छन् , यो अर्को प्रशिक्षण सामाग्रीका कुराहरू छन्। यो पनि समयानुकूल परिमार्जित हुनु पर्छ। त्यसलाई विकास गरिनु पर्छ। हिजोको, हिजोको प्रणाली अथवा हिजोको पाठ्यक्रम अथवा हिजोको प्रशिक्षण सामाग्रीको आधारमा हुँदैन अर्थात् त्यसलाई विकास गर्नु पर्छ । त्यसको विकास, त्यो अनुसन्धानसँग जुन पाटो छुटने गरेको छ विगतमा त्यो अनुसन्धानसँग जो प्रत्यक्ष रूपमा जोडिनु पर्छ। त्यस कारण अनुसन्धानको पाटोलाई जोड दिनको निम्ति विधेयकमा यहाँहरूले अनुसन्धानमा अलि बढि जोड दिई राखेको देख्नु हुन्छ। यस कारण यो अनुसन्धान हाम्रो विकास हाम्रो योजना विविधमा पनि अनुसन्धानको आवश्यकता छ। त्यसै गरी  अब हाम्रो पनि प्रशिक्षणमा पनि यो अनुसन्धानमा आधारित निर्मित पाठ्यक्रम र पाठ्यसामाग्री अनि त्यसको त्यसबाट प्रोग्राम माथि फेरि अनुसन्धान यसरी अनुसन्धानलाई दोहोराई रहने प्रक्रियाबाट नै हामीले हाम्रो अहिलेको आवश्यकता अनुसारको दक्षता हासिल गर्न सक्छौं। यसबाट नै हामीले सुशासन प्राप्त गर्न सक्छौं । यस उद्देश्यका साथ यो विधेयक आएको छ। अर्को अब यस सन्दर्भमा यहाँ प्रशिक्षण एउटा परिषद् र अर्को कार्यकारी समितिको गठन गर्ने कुरा यसमा आएको छ। त्यसमा यो प्रशिक्षण परिषद् जुन मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुन्छ त्यहाँ दुई जना महिला सहित तीन जना मनोनित गर्ने कुरा छ । त्यो परिषद् हो जसले नीति बनाउँछ र अर्को यो प्रशिक्षण प्रतिष्ठानलाई संचालन गर्नको निम्ति यो कार्यसमिति छ।त्यो कार्यसमितिमा भनिएको हो त्यो विशेषज्ञको कुरा हो। तीन जना, दुई जना एक जना महिला ए त्यहाँ दुई जना छ एक जना महिला सहित भनिएको हो त्यो विशेषज्ञको हकमा हो। त्यो आमन्त्रण गरिने हो त्यो विशेषज्ञको कुरा हो तर

यता जुन परिषद् हो। मुख्य कुरो नीति निर्माण गर्ने कुरा त्यसमा महिलाको प्रतिनिधित्वको कुरा त्यहाँ उल्लेख छ र अरू सबै, अरू त्यहाँ महिला र पुरूष भनेर हइन, त्यो त पदको आधारमा, त्यहाँ जिम्मेवारीको आधारमा छ। अब यसै सन्दर्भमा त्यसमा नीति योजना आयोगको उपाध्यक्ष भन्या छ। त्यहाँ अरू भन्या छैन। अब नीति तथा योजना आयोगको उपाध्यक्ष यदि महिला हो भने त्यहाँ महिलाको नै प्रतिनिधित्व हुन्छ। त्यसैले यस्तो स्पष्ट भन्नेको मतलब महिला पुरूष भनेर गर्‍या छैन कि यसमा त्यही कारण छुट्न सक्छन् भनेरै प्रदेश सरकारले मनोनित गरेको दुई जना महिला सहित तीन जना भनेर त्यहाँ राख्नका कारण त्यो हो र अरू त्यस्तो अब यहाँ मैले अब अरू धेरै थप कुरा नभनुँ । कति जना महिला हुन्छन् भन्ने कुरा ती पदहरूमा को को हुन्छन् भन्नेमा आधारित हुन्छ। मैले यति भने पुग्छ र अर्को कुरा यहाँ सँगै यो दुई जना जस्तो लोक सेवा आयोग पनि बन्या छैन, प्रदेश विश्व विद्यालय पनि बन्या छैन। भन्ने कुरा पनि आयो।यो यसबाट परिषद् प्रशिक्षण परिषद् प्रतिष्ठानमा यसबाट प्रतिनिधित्व सही हुन्छ। उपयुक्त हुन्छ तर त्यो हामी सँग बनी सक्या छैन। केही समयमा बन्ला तर पनि यो प्रशिक्षण प्रतिष्ठान हामीलाई आवश्यक भयो यो अवस्थामा त्यस्को निर्देशक कार्यकारी निर्देशकको नियुक्ति अथवा नियुक्तिकोमा पनि केही समस्याहरू पर्लान। त्यो अवस्थामा, त्यो अवस्थालाई पनि हामीले केही गाँठो फुकाएको छन् । त्यो अवस्थामा के गर्ने त भन्दा प्रदेशका मन्त्रालयका सचिवहरू मध्ये एक जनालाई त्यसको जिम्मेवारी दिएर यसलाई संचालन भनौं यसलाई अगाडी बढाउन सकिन्छ भन्ने कुरा पनि यहाँ त्यो बाधा अडचन फुकाएरै यो आएको छ। त्यस कारण मैले यस सम्बन्धमा स्पष्ट पार्नु पर्ने विषय यहि हो, यहि हो र यो गठन हुँदै जान्छ र हामी

यो निकट भविष्यमा पनि यो प्रशिक्षण प्रतिष्ठानलाई व्यवस्थित गर्दै जान जरूरी छ यो आवश्यक छ । यो तत्काल आवश्यक बन्यो । अब फेरि अहिले आवश्यक अर्को कारणले किन बन्यो भन्दाखेरि यो हाम्रो एक वर्ष भन्दा बढीको अनुभवले के बताइ राख्या छ भन्दाखेरि भने हामी सँग रहेका जुन कर्मचारीहरू छन्। यो कर्मचारी, यो कर्मचारी समायोजनको प्रक्रिया चलि राख्या हुनाले यो आउने र जाने, यो बनी राख्या छ। अब अनुभवद्वारा दिक्षित, अनुभवद्वारा दिक्षित अब कर्मचारीहरू अब जाँदै छन् । फेरि नयाँ नयाँ अब अन्यत्र त अनुभव हासिल गर्नु भएको हो तर यो ठाउँको निम्ति हाम्रो प्रदेशको निम्ति नयाँ नयाँ कर्मचारीहरू पनि आउँदै छन् । त्यस कारण उहाँहरूलाई अब छिटो भन्दा छिटो प्रशिक्षित गर्न जरूरी छ र हामी आफै पनि हामी जसले सरकारको जिम्मा लिइ राख्या छौं स्थानीय तहमा पनि सरकार, स्थानीय तहको सरकारको जिम्मा लिइ राखेका हाम्रा निर्वाचित, मनोनित लगायतका पदाधिकारीहरू छन्। हाम्रो पनि व्यवसायिकता, हामी पनि बढि अझ बढि व्यवसायिक बन्नु पर्ने। प्रशासनिक क्षमता पनि हासिल गर्नु पर्ने आवश्यकताले गर्दा यसको आवश्यकता परेको हो। यो छिट्टै यसलाई गठन गरेर गइने छ। यसको निम्ति अब यो विधेयक सार्थक हुनेछ र छलफलमा सहभागी हुने सदस्यहरूलाई हार्दिक धन्यवाद दिएर म विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब यो छलफल यहीं समाप्त हुन्छ ।

अब म **“गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक”** का सम्बन्धमा विधायन समितिबाट विधेयक प्रस्तुत भएको स्वरुपमै प्रतिवेदन प्राप्त भएको हुँदा निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" का सम्बन्धमा विधायन समितिबाट विधेयक प्रस्तुत भएको स्वरुपमै प्रतिवेदन प्राप्त भएको हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

अब म विधेयकको दफा १ देखि २५ **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ विधेयकको दफा १ देखि २५ सम्म सर्वसम्मतिले **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अंग बनेको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना :** प्रदेश र स्थानीय तहका सरकारी निकाय तथा सर्वजनिक संस्थानहरुमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सभामुखज्यू**

अब म विधेयकको प्रस्तावना र नाम **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा**

**व्यवस्था गर्न बनेको विधेयक"**को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अंग बनेको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय हरिबहादुर चुमानज्यू**

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७५ साल फाल्गुन २३ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समितिबाट प्रतिवेदन सहित प्राप्त भएको **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ **"गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन)**

**सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सभामुखज्यू**

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल चैत्र १९ गते दिनको १:०० बजे सम्मको लागी स्थगित हुन्छ ।**